02/April/2026

National News

मुख्य समाचार

1) प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'कर्मयोगी साधना सप्ताह २०२६' लाई भिडियो सन्देशमार्फत सम्बोधन

2) पश्चिम एसियाको संकटका कारण हुनसक्ने सम्भावित आपूर्ति अवरोध र आर्थिक क्षतिलाई रोक्न "प्रो-एक्टिभ" रणनीति अपनाएको केन्द्र सरकारद्वारा जानकारी

3) संसदको कारबाही स्थगित, दुई साताका लागि महिला आरक्षण लगायत अन्य महत्वपूर्ण विधेयकमाथि छलफल गर्न दुई देखि तीन हप्तापछि बैठक पुनः सुरु हुने।

4) भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहद्वारा कोलकातामा रोड शो: पश्चिम बंगालमा परिवर्तनका लागि आह्वान

1 प्रधानमन्त्री नरेन्द्र मोदी: 'कर्मयोगी साधना सप्ताह २०२६' लाई सम्बोधन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'कर्मयोगी साधना सप्ताह २०२६' लाई भिडियो सन्देशमार्फत सम्बोधन गर्दै भारतको द्रुत रूपमा परिवर्तन भइरहेको आकाङ्क्षाहरूलाई पूरा गर्न नागरिक-केन्द्रित शासन प्रणालीको आवश्यकतामा जोड दिनुभएको छ।

Shri मोदीले आजको सुशासन 'नागरिक देवो भव:' को मन्त्रबाट निर्देशित हुनुपर्ने बताउनुभयो।

उहाँका अनुसार सार्वजनिक सेवालाई थप सक्षम, संवेदनशील र नागरिकमैत्री बनाउनु नै सरकारको मुख्य लक्ष्य हो।

आधुनिक र उत्तरदायी कार्यशक्ति निर्माण गर्न 'क्षमता अभिवृद्धि आयोग' र 'मिसन कर्मयोगी' को भूमिका महत्वपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीले विकसित भारतको निर्माण केवल पूर्वाधार र प्रविधिले मात्र नभई सीपयुक्त र प्रतिबद्ध मानवीय संशाधनले हुने स्पष्ट पार्नुभयो। शासनको प्राथमिक केन्द्र नागरिकको जीवनस्तर सुधार र जीवनयापनमा सहजता ल्याउनु हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रधानमन्त्रीको यो सन्देशले सरकारी कर्मचारीहरूलाई अझ बढी समर्पित र नागरिकप्रति उत्तरदायी बन्न प्रेरित गरेको छ।

2) पश्चिम एसियामा जारी तनाव र युद्धको परिस्थितिलाई मध्यनजर गर्दै भारत सरकारले आन्तरिक अर्थतन्त्रलाई जोगाउन र आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्न ठूला राहत प्याकेज र सुरक्षा उपायहरूको घोषणा गरेको छ। आज आयोजित अन्तर-मन्त्रालय ब्रिफिङ्मा सरकारका उच्च अधिकारीहरूले विभिन्न क्षेत्रका लागि गरिएका निर्णयहरूबारे जानकारी दिएका हुन्।

सरकारले प्लास्टिक, टेक्सटाइल र औषधि जस्ता क्षेत्रमा प्रयोग हुने महत्वपूर्ण पेट्रोकेमिकल उत्पादनहरूमा आगामी जुन ३० सम्मका लागि पूर्ण भन्सार महसुलमा छुट दिने निर्णय गरेको छ। यस कदमले कच्चा पदार्थको मूल्य नियन्त्रण गर्न र उपभोक्तालाई महँगीबाट बचाउन मद्दत पुग्ने विश्वास लिइएको छ।

केन्द्रीय अप्रत्यक्ष कर र भन्सार बोर्ड (CBIC) का सदस्य सञ्जय मंगल ले बताउनुभएको छ

<u>निर्यात क्षेत्रमा परेको दबाब कम गर्न वाणिज्य मन्त्रालयले</u>

निर्यातकर्ताहरूलै आफ्नो निर्यात प्रतिबद्धता पूरा गर्न ३ महिनाको समय दिएको छ। यस अवधिमा कुनै पनि लाइसेन्स खारेज नहुने जरिवाना लाग्ने छैन ।

यसैगरी पेट्रोलियम मन्त्रालयका अनुसार देशमा इन्धनको उपलब्धता सामान्य रहेको र सरकारले आगामी ६० दिनका लागि कच्चा तेलको आपूर्ति सुनिश्चित गरिसकेको बताइएको छ ।

बजारमा पेट्रोल र डिजेलको मूल्य स्थिर राख्न Excise Duty घटाइएको छ साथै प्राकृतिक ग्यासको आपूर्ति पनि शतप्रतिशत सुनिश्चित गरिएको छ,

मन्त्रालय कि संयुक्त सचिव सुजाता शर्मा ले बताउनुभएको छ

आज आयोजित अन्तर-मन्त्रालय ब्रिफिङ्मा, परराष्ट्र मन्त्रालयका अनुसार इरानमा रहेका करिब १,२०० भारतीय नागरिकहरूलाई स्थल मार्गबाट आर्मेनिया र अजरबैजान हुँदै सुरक्षित रूपमा बाहिर निकालिएको छ।जसमा ८४५ विद्यार्थीहरु रहेका छन,

यसै सम्बन्धमा खाडी क्षेत्रमा अध्ययन रतविद्यार्थीहरूको शैक्षिक सत्र बिग्रन नदिन राष्ट्रिय परीक्षा एजेन्सी सँग समन्वय भइरहेको छ।

<u>संसदको कारबाही आजदेखि स्थगित</u>

3) संसदीय मामिला मन्त्री किरेन रिजिजुले आज राज्य सभामा संसदको कारबाही आजदेखि स्थगित रहने जानकारी दिनुभएको छ। महिला आरक्षणसँग सम्बन्धित महत्वपूर्ण विधेयकमाथि छलफल गर्नका लागि संसदको बैठक अबको दुई देखि तीन हप्तापछि पुनः सुरु हुनेछ।

महिला आरक्षण विधेयकमा सरकार र विपक्षीको धारणा काङ्ग्रेस नेता जयराम रमेशको प्रश्नको जवाफ दिँदै मन्त्री रिजिजुले महिला आरक्षणको विषयमा सरकारले ८० प्रतिशतभन्दा बढी दलहरूसँग परामर्श गरिसकेको बताउनुभयो।

अर्कोतर्फ, राज्य सभामा विपक्षी दलका नेता मल्लिकार्जुन खर्गेले यस विषयमा सर्वदलीय बैठक बोलाउन माग गर्नुभएको छ। उहाँले काङ्ग्रेस, महिला आरक्षणको विरोधमा नरहेको तर सबै पक्षको विचार सुन्नु आवश्यक रहेको उल्लेख गर्नुभयो।
राज्यसभामा सदनका नेता जय प्रकाश नड्डाले काङ्ग्रेसमाथि प्रहार गर्दै भन्नुभयो, "जुन विधेयक काङ्ग्रेसले ३० वर्षसम्म पारित गर्न सकेन, त्यसलाई मोदी सरकारले दुई दिनमै सम्पन्न गरिदियो।" श्री नड्डाले महिला आरक्षणलाई 'विकसित भारत' को एक मानवीय दृष्टिकोणको रूपमा व्याख्या गर्नुभयो।

संसदले 'आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, २०२६' पारित

संसदले 'आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, २०२६' लाई पूर्ण रूपमा पारित गरेको छ। लोकसभाबाट पहिले नै पारित भइसकेको यस विधेयकलाई आज राज्य सभाले पनि ध्वनि मतका साथ अनुमोदन गरेको हो। यससँगै अब अमरावती आधिकारिक र स्थायी रूपमा आन्ध्र प्रदेशको राजधानी बनेको छ।
विधेयक पारित भएलगत्तै उप-राष्ट्रपति एवं राज्य सभाका अध्यक्ष सी.पी. राधाकृष्णनले आन्ध्र प्रदेशका जनतालाई नयाँ राजधानीका लागि बधाई दिनुभयो।
गृह राज्यमन्त्री नित्यानन्द रायले सदनमा वक्तव्य दिँदै यस विधेयकलाई आन्ध्र प्रदेश र विश्वभरका तेलुगु समुदायका लागि एक 'ऐतिहासिक क्षण' बताउनुभयो, साथै यो केवल प्रशासनिक निर्णय मात्र नभई आन्ध्रका प्रदेश राज्यका ५ करोड जनताको गर्व, विश्वास र लोकतान्त्रिक पहिचानको पुनर्स्थापना हो भन्नुभयो
आन्ध्र प्रदेश विधानसभाले २८ मार्च २०२६ मा अमरावतीलाई संवैधानिक मान्यता दिनका लागि केन्द्र सरकारसँग अनुरोध गर्दै प्रस्ताव पारित गरेको थियो।

अमित शाहले : 'परिवर्तन' को आह्वान

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं केन्द्रीय गृह मन्त्री अमित शाहले आज पश्चिम बंगालमा 'परिवर्तन' को आह्वान गर्दै कोलकातामा भव्य रोड शो गर्नुभएको छ। श्री शाहले भवानीपुर विधानसभा क्षेत्रका भाजपा उम्मेदवार सुवेन्दु अधिकारीका साथै राशबेहारी, बालीगन्ज र चौरंगी क्षेत्रका उम्मेदवारहरूको समर्थनमा चुनावी प्रचार गर्नुभएको हो।
जनसभालाई सम्बोधन गर्दै श्री शाहले, पश्चिम बंगालमा भ्रष्टाचार, महिला सुरक्षाको अभाव, घुसपैठ र त्यसका कारण भइरहेको जनसांख्यिकीय परिवर्तन त्यहाँका जनताका लागि "नराम्रो

सपना" बनेको बताउनुभयो। उहाँले बंगालका मतदाताहरूलाई कुनै डर नमानी निर्धक्क भएर मतदान गर्न आग्रह गर्नुभयो।

यसैबीच, पश्चिम बंगाल विधानसभामा विपक्षी दलका नेता सुवेन्दु अधिकारीले आज भवानीपुर विधानसभा क्षेत्रबाट आफ्नो नामांकन दर्ता गर्नुभएको छ। उहाँसँगै अन्य भाजपा उम्मेदवारहरूले पनि आ-आफ्नो निर्वाचन ख्सेत्र बाट उम्मेदवारी दर्ता गराएका छन्।

बंगालमा विधानसभा निर्वाचनका लागि चुनावी प्रक्रियाहरु तीव्र बनका छन , १५२ विधानसभा क्षेत्रका लागि पहिलो चरणको मतदान अप्रिल २३ मा हुनेछ। यसका लागि नामांकन दर्ता गर्ने अन्तिम मिति अप्रिल ६ सम्म तोकिएको छ।

## खेल समाचार

मंगोलियाको उलानबाटोरमा जारी 'एशियन बक्सिङ च्याम्पियनसिप २०२६' मा भारतीय बक्सर आदित्य प्रताप यादवले सानदार प्रदर्शन गर्दै क्वार्टरफाइनलमा आफ्नो स्थान सुरक्षित गरेका छन्।

आज भएको पुरुषवर्गको ६५ केजी तौल समूहको भिडन्तमा आदित्यले साउदी अरबका बक्सर मुसा अल्हावसालाई पराजित गरे।

क्वार्टरफाइनलमा आदित्य को भिडन्त उज्बेकिस्तानका खेलाडी संग हुनेछ.